का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ६८
❒ ९ बैशाख २०७७, मंगलबार
❒ 21 April 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ३१ जना | ४ जना | ८४१४ | १११ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २४ लाख २६ हजार | ६ लाख ३६ हजार | एक लाख ६६ हजार | १६ लाख २३ हजार |

# फुटलाई आमन्त्रण

**संसार कोरोना महामारी विरूद्ध लडिरहेका बेला सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले राजनीतिक दल सम्बन्धी ऐन संशोधन अध्यादेश जारी गरेकी छन् । सरकारले अध्यादेश मार्फत दल विभाजनका लागि पार्टी वा संसदमा ४० प्रतिशत भए पुग्ने निर्णय गरेर राजनैतिक अस्थिरतालाई भने निम्तो दिएको छ ।**



- अब पार्टी विभाजन गर्न संसद वा पार्टीमा ४० प्रतिशत भए पुग्ने
- प्रमुख प्रतिपक्षी दलका नेता नभए पनि संवैधानिक परिषदले निर्णय गर्न सक्ने
- अध्यादेशप्रति मन्त्रीहरू घनश्याम भूसाल, प्रदीपकुमार ज्ञवाली र वर्षमान पुनको असहमति
- मन्त्रिपरिषद बैठक लगत्तै प्रचण्ड निवासमा पुगे पूर्व माओवादी पृष्ठभूमिका मन्त्रीहरू
- गृहमन्त्री रामबहादुर थापा बादलद्वारा मन्त्रिपरिषदमा अध्यादेशबारे प्रस्ताव पेश
- जननिर्वाचित सांसदको गरिमा बढाउन अध्यादेशः प्रधानमन्त्री
- बेमौसमको बाजा नबजाऔं: काँग्रेस

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ वैशाख ।

सरकारले राजनीतिक दल सम्बन्धी ऐन संशोधन र संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन संशोधन अध्यादेश ल्याएको छ । सोमबार दिउँसो प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद बैठकको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले अध्यादेश जारी गरेकी हुन् । सोमबार बसेको मन्त्रिरिषद बैठकको सिफारिसमा जारी अध्यादेशमा राजनीतिक दल विभाजनका लागि पार्टी वा संसद मध्ये एकमा ४० प्रतिशत भए पुग्ने व्यवस्था गरिएको छ ।

राजनीतिक दल सम्बन्धी विधान २०७३ ले पार्टी विभाजनका लागि पार्टी केन्द्रीय कार्य समिति र संसदमा ४० प्रतिशत संख्या अनिवार्य गरिएको थियो । तर, अध्यादेश पछि भने अब संसद वा पार्टी मध्ये एकमा ४० प्रतिशत भए पुग्नेछ । मन्त्रिपरिषद बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले यो व्यवस्था संसदलाई बलियो बनाउनका लागि ल्याइएको जवाफ दिएका थिए । एक मन्त्रीका अनुसार, प्रधानमन्त्री ओलीले यो व्यवस्थाले अब सांसदलाई बलियो बनाउने तर्क गरेका छन् । उनको भनाइ थियो, "केन्द्रीय सदस्य जति पनि मनोनित गरेर सांसदलाई बन्धक बनाउने प्रचलन देखियो, यसलाई तोड्न आवश्यक छ।"

तर, यो निर्णय प्रति कृषि तथा पशुपन्छी मन्त्री घनश्याम भूसाल, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र उर्जा मन्त्री वर्षमान पुनले भने असहमति जनाएका थिए । प्रधानमन्त्रीले दल विभाजन सम्बन्धी अध्यादेश नेकपाका लागि नभएकोप्रति मन्त्री भूसालले भनेका थिए, "यो खाडलमा जो पनि पर्न सक्छ ।" मन्त्रीहरु ज्ञवाली र पुनले पनि मन्त्रिपरिषदको यो निर्णयमा असहमति जनाएका थिए । मन्त्रिपरिषदको यस्तो निर्णय लगत्तै पूर्व माओवादी पृष्ठभूमिका मन्त्रीहरु भने नेकपा अध्यक्ष प्रचण्ड निवास खुमलटार पुगेका थिए । त्यसपछि प्रचण्डकै सुझावमा प्रधानमन्त्री ओलीले नेकपाको सचिवालय बैठक बोलाए ।

स्रोतका अनुसार, प्रचण्ड र बरिष्ठ नेता माधवकुमार नेपालकै सहमतिमा यो अध्यादेश ल्याइएको हो । यसबारे प्रधानमन्त्री ओलीले प्रचण्ड र नेता नेपालसँग बालुवाटारमै छलफल गरेका थिए । प्रचण्ड र नेता नेपालकै सहमतिमा गृहमन्त्री रामबहादुर थापा बादलले नै मन्त्रिपरिषद बैठकमा यस्तो प्रस्ताव ल्याएका थिए । प्रमुख प्रतिपक्ष बाँकी पृष्ठ २ मा

## अब के हुन्छ ?

प्रमुख प्रतिपक्षी दलका सभापतिको अनुपस्थितिमा समेत संवैधानिक परिषदले निर्णय लिन सक्ने र पार्टी वा संसद मध्ये कुनै एकबाट ४० प्रतिशत मतले दल विभाजन गर्न सक्नेगरी सरकारले अध्यादेश ल्याएको छ। यो अध्यादेश पछि सत्तारुढ कम्युनिष्ट पार्टी (नेकपा)मा अनेक अड्कलबाजी भइरहेको छ ।

मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले अध्यादेश जारी गरेका छन्। तर, अध्यादेश आफैंमा कानून होइन। संविधानविद् बिपिन अधिकारी यसको तीन विकल्प बाँकी पृष्ठ २ मा

# फेरिए प्रदेश प्रहरी प्रमुख

**काठमाडौं, मस–** सरकारले प्रहरी नायब महानिरीक्षक(डिआइजी)को सरुवा तथा पदस्थापन गरेको छ । गृहमन्त्रालयले सातैवटा प्रदेश तथा दुईवटा ब्युरोका प्रमुख फेरेको हो । आइतबार बढुवा भएका १० डिआइजीको सोमबार पदस्थापन भएको हो । १० मध्ये सातजना प्रदेश प्रहरी प्रमुखमा सरुवा भएर गएका छन् ।

डिआइजी ईश्वरबाबु कार्की प्रदेश १, धीरजप्रताप सिंह प्रदेश २, वसन्त लामा बागमती प्रदेश, घनश्याम अर्याल गण्डकी प्रदेश, रवीन्द्र धानकु प्रदेश ५, वसन्त पन्त कर्णाली प्रदेश र उत्तमराज सुवेदीलाई सुदूरपश्चिम प्रदेशमा पदस्थापन गरिएको छ ।

सहकुल थापालाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा पदस्थापन गरिएको छ भने सिआइबीका नीरज शाहीको प्रहरी महानिरीक्षकको सचिवालयमा सरुवा गरिएको छ । प्रदेश २ मा कार्यरत प्रद्युम्न कार्कीको विशेष ब्युरोमा सरुवा भएको छ । अरुण बिसीको अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सूर्य उपाध्यायको सुरक्षा परिषद्को सचिवालयमा सरुवा भएको गृह मन्त्रालयले जनाएको छ । सरकारले प्रहरीको १२ वटा दरबन्दी कटौती गरेर गत साता बढुवा प्रक्रिया अघि बढाएको हो । बढुवाउपर उजुरी नपरेपछि आइतबार बढुवा गरिएकोमा सोमबार दर्ज्यानी चिह्न लगाइएको छ

# बढ्यो परीक्षण दर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ वैशाख

कोभिड-१९ रोगबारे हालसम्म कूल ३३ हजार ५६२ जनाको परीक्षण गरिएको छ । पिसीआर विधिबाट आठ हजार ४१४ र र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडिटी) बाट २५ हजार १४८ गरी कूल ३३ हजार ५६२ जनाको परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा देशभर ३२४ वटा पिसीआर परीक्षण भएका छन् भने आरडिटी परीक्षण गराउनेको सङ्ख्या तीन हजार १९ पुगेको छ । मन्त्रालयले आज मन्त्रालयमा आयोजना गरेको पत्रकार सम्मेलनमा प्रवक्ता डा विकास देवकोटाले हालसम्म कोरोना सङ्क्रमितको सङ्ख्या ३१ पुगेको बताए । तीमध्ये चार जना निको भएर घर फर्किसक्नुभएको छ भने बाँकी २७ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। उनीहरुको अवस्था सामान्य भएको र उपचारको क्रम जारी रहेको मन्त्रालयले जनाएको छ ।

प्रवक्ता देवकोटाले भने, "आरडिटी सबै जिल्लामा शुरु भइसकेको छ, प्रदेश नं १ मा हालसम्म दुई हजार ३४९, प्रदेश नं २ मा तीन हजार २३८, वाग्मती प्रदेशमा चार हजार ६७६, गण्डकी प्रदेशमा तीन हजार ७५१, प्रदेश नं ५ मा दुई हजार ३२४, कर्णाली प्रदेशमा तीन हजार २३२ र सुदूरपश्चिम प्रदेशमा पाँच हजार ५७८ वटा आरडिटी परीक्षण भइसकेको छ ।" क्वारेनटाइनमा बस्ने व्यक्तिको सङ्ख्या पाँच हजार ९३६ छ । आइसोलेशनमा रहेका बिरामीको सङ्ख्या १११ छ। यसमध्ये उपत्यकाभित्र चार जना छन् भने उपत्यका बाहिर १०७ जना छन् । मन्त्रालयले सञ्चालन गरेको दुई वटा कल सेन्टर (१११५ र ११३३) मा गत २४ घण्टामा दुई २८९ वटा कल प्राप्त भएका छन्। मन्त्रालयले सबै कलको सम्बोधन गरेको छ ।

गण्डकी प्रदेशबाट १०९२ र सुदूरपश्चिम प्रदेशबाट ११४८ नं.मा निःशुल्क कल सेन्टर शुरु भएको छ । त्यसमा कोरोनाबारे आफ्नो जिज्ञासा राख्न सकिन्छ। मन्त्रालयले सञ्चालन गरेको मोबाइल एप्स हाम्रो स्वास्थ्य र वेब पेज कोभिड-१९ डट एमओएचपी डट जिओभी डट एनपीमा हालसम्म आफ्नो स्वमूल्याङ्कनका लागि इन्ट्री गर्ने व्यक्तिको सङ्ख्या २१ हजार २९१ पुगेको प्रवक्ता देवकोटाको भनाइ छ । यसमध्ये गत २४ घण्टामा ४५७ जनाले आफ्नो स्वमूल्याङ्कन फाराम भरेका छन् । जसमध्ये ३ जना रेडजोनमा भएको पाइएको छ । हालसम्म कूल रेडजोनमा हुनेको सङ्ख्या २६३ पुगेको छ । रेडजोनमा पर्ने व्यक्तिको नमूना परीक्षण गर्ने र त्यसको अनुगमनका लागि सम्बन्धित स्थानीय तहमा खबर गर्ने कार्य भइरहेको छ ।

सरकारले त्रिभुवन विश्वविद्यालय माइक्रोबायोलोजी केन्द्रीय विभाग, कीर्तिपुरबाट कर्णाली प्रदेश सरकारका लागि उपलब्ध हुने गरी पिसीआर मेशिन उपलब्ध गराएको छ । आइतबार मात्रै उदयपुरमा थप ५२ जनामा पिसीआर नमूना सङ्कलन गरिएको छ । नमूनाको परीक्षण हाल राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भइरहेको छ ।

मन्त्रालयले क्यान्सर, डाइलासिस गर्नुपर्ने, मुटु रोगी, प्रसूतिसम्बन्धी जटिल र सुतकेरी सम्बन्धी रोग र दमलगायतका रोग र अन्य दीर्घ रोग सेवा दिइरहेका विशिष्ट प्रकृतिका अस्पताललाई सेवा निरन्तर सुचार गर्न आग्रह गरेको छ ।

**अवधि भाषामा**

## आव, हमलोकके खातिर सचेतता, कोरोना भाइरस रोगका संक्रमणका रोकैत अपनायजायवाला सतर्कता:

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण होई ।
- संक्रमित मनई खाँसत, ओइ छिकत निकालइवाला थुक, ओई नाकके माध्यमसे एक मनईसे दुसर मनइमा यी भाइरस फैलत हई ।

**यी संक्रमणसे बचैके खातिर का करैके चाही ?**

- खाँसत, छिकत नाकमुख मुदो, और प्रयोग करैका टिसुपेपरका तुरुन्तै कुडाफेकेवाला जगहमा बेगाइदिया जाई ।
- समय समयमे सावुन पानीसे हातमुह मल-मलके धोबजाय या सेनिटाइजर प्रयोग किया जाए ।
- हात नमिलाऊ, ओके जगहमा नमस्कार और रामराम करो ।

**का ना करै ?**

- जुकाम लगइ मनइसे दुर रहजाय । या अपनेका जुकाम लगा है तो और मनिमसे दुर बैठाजाए । भीडमे नजावजाय, औरका नजावजाय बतावजाय ।

**और ध्यान देव परैवाला बात :**

- बोखार आवत, खाँसी लागत, स्वाँस लेबे तकलिफ होत नेहरेरहा स्वास्थ्य केन्द्रमे इहियन सम्पर्क कराबजाय ।
- कोरोना भाइरस रोगके बारेम और जानकारीके खातिर पैसा नपरेवाला हटलाइन टेलिफोन नं. १११५ मा फोन करजाय ।
- न परिसान हुआजाय, लेकिन होसियार रहजाय ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# श्रम बजार खुकुलो हुने संकेत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ वैशाख

कोरोना भाइरस (कोभिड-१९) संक्रमणले निम्त्याएको करिब एक महिनाको बन्दबन्दीपछि केही देशमा थोरै मात्रामा भएपनि काम शुरु हुन थालेपछि विश्वस्तरमा जनजीवन केही सहज देखिन थालेको छ। ठूलो संख्यामा नेपाली कामदार रहेका अमेरिका, युरोप तथा मलेसियामा सोमबारबाट नियन्त्रित रुपमा भएपनि काम शुरु गरिएको छ ।

त्यसले लाखौंको संख्यामा रहेका नेपाली कामदारको जीवनमा पनि सोही अनुरुप केही सहज हुने अपेक्षा बढाएको छ । कोरोना भाइरसले विश्व अर्थतन्त्रलाई चौपट पार्ने शुरुमा आंकलन भएपनि बन्दाबन्दी अर्थात् लकडाउन र व्यापक रुपमा गरिएको परीक्षणले यो महामारी आवश्यक सतर्कता अपनाएमा मानवीय नियन्त्रणमा रहने विश्वास बलियो हुन थालेको छ। विश्वस्तरमा केही खुकुलो भए त्यसको लाभ वैदेशिक रोजगारमिा रहेका लाखौं नेपाली कामदारहरुले पाउने छन् ।

मलेसियाले कडा शैलीमा जारी गरेको आवागमन नियन्त्रणको आदेशपछि कडा सुरक्षाबीच सोमबारबाट रवर उद्योगहरु खासगरी ग्लोब्स उद्योग सञ्चालन शुरु गरेको छ । नेपाली सहित आप्रवासी कामदारमाथि शोषणको आरोप लगाउँदै अमेरिकाले लगाएको आयात प्रतिवन्ध एक महिना अघि हटाएपनि कोरोना भाइरस संक्रमणको कारण मलेसियाले रबर उद्योग सञ्चालन गर्न सकेको थिएन । मलेसियामा रबर उद्योगसँगै कृषि क्षेत्रपनि कडा सुरक्षाकाबीच सञ्चालन गरिएको छ। यद्यपि कृषि क्षेत्रमा आप्रवासी कामदारहरु ठूलो संख्यामा छैनन्।

कतारले कोरोना भाइरस संक्रमण अहिलेकै अवस्थामा रहे वा अहिलेको अवस्थामा सुधार आए आगामी दुई हप्तापछि निर्माण क्षेत्रको काम शुरु गर्ने बताएको छ । सन् २०२२ को विश्वकप फुटबलको आयोजक राष्ट्र कतारमाथि भौतिक संरचना निर्माण सम्पन्न गर्नुपर्ने दवाव छ । कतारले निजी क्षेत्रलाई संकटबाट बचाउन रोजगारदाता र कामदारलाई आपसी समहति गर्न निर्देशन दिएको छ। कतारको प्रशासनिक विकास तथा श्रम र सामाजिक विकास मन्त्रालयले कोरोना भाइरस संक्रमण रहेसम्म बन्द रहेका कम्पनीका कामदारको तलव लगायत अन्य सेवा सुविधाबाट कामदारको सहमति विपरित हटाउन नपाउने गरी दिएको निर्देशनले कामदारलाई केही राहत दिएको छ ।

साउदी अरबले पनि कोरोना संक्रमणका कारण आप्रवासी कामदारको तलव काट्न नपाउने व्यवस्था गरेको छ। बन्दाबन्दीका कारण नेपालका करिब ६० हजार कामदारको करार अवधि र भिसा सकिएको छ । उनीहरु कारोना संक्रमण नभएको भए नियमित रुपमा घर फर्किने कामदारहरु हुन् । हाल नियमित रोजगारमा रहेका भन्दा करार र भिसा सकिएका कामदारहरु बढी समस्यामा परिरहेको बताइएको छ। चर्को दवावपछि यूएइमा रहेका आफ्ना बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## आवास नछोड्न दूतावासको सल्लाह

काठमाडौं/मस- मुख्य रोजगारदाता र कामदार आपूर्तिकर्ताकाबीचको स्वार्थको दाउपेचका कारण साउदी अरबमा कतिपय नेपाली कामदार समस्यामा पर्न थालेका छन् । साउदी अरब सरकारले आप्रवासी कामदारहरुलाई रोजगारबिाट ननिकाल्न कडा आदेश दिएपनि कतिपय रोजगारदाता कम्पनीले नेपाली कामदारहरुलाई हाल उनीहरु बसिरहेको आवास खाली गरी उनीहरुलाई काममा पठाउने सप्लाई कम्पनीको आवासमा जान बाध्य पार्ने गरेका छन् ।

साउदीमा लागु भएको कर्फ्यू र प्रशासनिक कडाईका कारण कामदारहरु कार्यस्थलबाट बाहिर आउन पाएका छैनन् । सप्लाई कम्पनीहरुले आवासमा प्रवेश पनि दिएका छैनन् । यसले कामदार हरुबीचमै अलपत्र पर्ने क्रम बढेर गएको नेपाली दूतावास श्रोतले जानकारी दिएको छ ।

यसरी अलपत्र परेका कामदारहरुको साउदीस्थित नेपाली दूतावासमा दैनिकजसो गुनासो आइरहेको दूतावासले जनाएको छ । अहिलेको संकटको घडिमा आफू बसिरहेको आवासबाहेक अन्यत्र कहिं कतै सजिलै बस्न नपाइने र संक्रमणको जोखिम भनै बाँकी पृष्ठ २ मा

# घटेन पास लिनेको भीड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ बैशाख



कोरोना भाइरस (कोभिड १९) संक्रमणको जोखिम मोलेरै भएपनि जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पास लिनेहरुको भिड अझै रोकिएको छैन । सरकारले भिडभाड बढेसँगै अत्यावस्यक कामका लागि अनलाइनबाटै इ-पास लिने व्यवस्था गरेको थियो । तर जिल्ला प्रशासन कार्यालय काठमाडौंले पारिवारीक मृत्यु संस्कारका लागि बाहेक अन्य कामका लागि पास वितरण नगर्ने बताएपछि अहिले कार्यालयमै आएर पास माग गर्नेहरुको संख्या बढेको हो । जसले गर्दा जिल्ला प्रशासन कार्यालय अगाडि भिडभाड हुन गई कोरोना भाइरस संक्रमणको जोखिम बढेको छ ।

सोमबार दिउसो पनि प्रशासन कार्यालय अगाडि यस्तै भिडभाड देखिएको छ । पास लिन आउनेहरु पनि मृत्यु संस्कारका लागि पास मागेका भने होइनन् । कोही काठमाडौंमा खानेकुरा सकिएपछि घरजान पास माग्ने श्रमिकहरु छन भने कोही कार्यालय प्रयोजनाका लागि पास माग्नेहरु छन् । यस्तै अत्यावस्यक कामका लागि घर जानुपर्ने भन्दै पास लिन आउनेहरु पनि छन् ।

लकडाउन सुरु भएसँगै सरकारले अत्यावस्यक कामका लागि पास दिने व्यवस्था गरेको थियो । पास वितरण गर्दा लकडाउन उलङ्घन हुने र न्यूनतम सामाजिक दूरी कायम गराउन कठिन भएपछि अनलाइनबाटै इ-पास लिने व्यवस्था गृहमन्त्रालयले गरेको थियो । तर काठमाडौं जिल्ला प्रशासन कार्यालयले मृत्यु संस्कारको काममा लागि बाहेक अन्य कामका लागि इ-पास नदिने बताएपछि अहिले कार्यालयमै आएर पास माग्नेहरुको भिड बढेको हो । यसबाट लकडाउन उलङ्घन मात्र भएको छैन कोरोना भाइरसको संक्रमणको जोखिम समेत बढेको छ ।

लकडाउन भनेको औषधि उपचार, खाद्यवस्तु खरिद लागतयका अत्यावश्यक कामका लागि बाहेक कुनैपनि व्यक्तिलाई घरबाट बाहिर ननिस्कन सरकारले दिएको आदेश हो । तर जिल्ला प्रशासन कार्यालयले पास वितरणमा अस्पस्ट नीति लिएपछि अहिले फेरी कार्यालय अगाडि भिड लाग्ने गरेको छ । जसबाट कोरोना भाइरस संक्रमणको जोखिम झनै बढेको छ ।

## मासु पसल अनुगमन
# उपभोक्ता ठग्ने पसलका तराजु जफत



**भक्तपुर/मस-** भक्तपुर नगरपालिकाले दत्तात्रय, च्याम्हासिंह, कमलविनायक र लान्चाफल्चालगायतका क्षेत्रमा सञ्चालित राँगोको मासु पसलका अनुगमन गरेको छ । नगरपालिकाको पसल अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा भएको अनुगमनमा अधिकांश मासु पसलले उपभोक्ता ठगी गरेको पाइएपछि तराजु जफत गरेको छ ।

कोभिड-१९ महामारी नियन्त्रण गर्न सरकारले लकडाउन घोषणा गरेको अवस्थामा मासु पसलेले मनपरी मूल्य लिई कालोबजारी गरी राँगोको मासु महँगोमा बिक्री वितरण गरेको, अधिकांश मासु पसल न्यूनतम मापदण्ड नपुगेको पाइएपछि अधिकांश पसलका तराजु जफत गरिएको संयोजक राजकृष्ण गोराले जानकारी दिए ।

अनुगमनमा सालागणेश मिट सप, बालकुमारी कोल्ड स्टोर, रत्न शाहीको राँगोको मासु पसल, महिमा मिट सप, सुमन मिट सप दर्ता नवीकरण नगरेको, ढक तराजु नापतौल विभागमा नवीकरण नगरेको, डिजिटल तराजु प्रयोग नगरेको, मास्क, पञ्जा र सेतो एप्रोन प्रयोग नगरेको, महँगोमा मासु बिक्री र मूल्यसूची नराखेको पाएपछि ती सबै पसलको एक एक थान तराजु जफत गरेको छ ।

अनुगमन गरिएका सबै पसललाई देखिने गरी मूल्यसूची राख्न, कालो बजारी नगर्न, कुखुरा र राँगोको मासु छुट्टै फ्रिजमा राख्न, मासु झिँगा नभन्किने गरी जालीले छोप्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, पसलमा मास्क, पञ्जा र सेतो एप्रोन प्रयोग गर्न, सफाइमा ध्यान दिन निर्देशन दिएको अनुगमनका निरीक्षक रामकृष्ण प्रजापतिले जानकारी दिए ।

# सुर्खेतका मस्जिदमा धार्मिक गतिविधि बन्द



**सुर्खेत/मस-** कोभिड-१९ रोकथामका लागि सरकारले लकडाउन लागू गरेको झण्डै एक महिना बित्न लाग्दा बल्ल सुर्खेतस्थित मस्जिदले धार्मिक गतिविधि बन्द गरेका छन् । कोभिड-१९ को सङ्क्रमण बढ्दै गइरहेका बेला वीरेन्द्रनगर-१० बेलघारी पिपिरास्थित मस्जिदले आइतबारदेखि धार्मिक गतिविधि बन्द गरेको हो ।

मस्जिदले इमाम तथा मोहोजिमबाहेक अन्यलाई संयुक्तरुपमा नमाज पढ्न बन्द गरेको हो । वीरेन्द्रनगरस्थित बढी भीडभाड हुने अन्य धार्मिकस्थल भने लकडाउन लागू भएदेखि नै बन्द थिए । जिल्ला प्रशासनले मन्दिर र चर्चमा निगरानी बढाए पनि मस्जिद खुला थिए । यहाँ दुई मस्जिद छन् ।

नेपाली सुन्नी मस्जिद गुल्सने मदिना अध्ययन केन्द्र सुर्खेतले सबैलाई घरमै नमाज पढ्न व्यवस्था मिलाउनुका साथै शुक्रबारको विशेष नमाजलगायतका हरेक दिन हुने भीडभाड नगर्न मुस्लिम समुदायलाई अपिल गरेको छ । मदिना अध्ययन केन्द्रका अध्यक्ष फजिर बक्सले पछिल्लो समय जिल्ला बाहिरबाट कुनै पनि धार्मिक व्यक्ति प्रवेश नगरेको बताए ।

'कोरोना भाइरस रोकथाम, नियन्त्रणका लागि नेपाल सरकारले लागू गरेको लकडाउनको पूर्ण पालना गर्न अपिल गरेका छौं,' अध्यक्ष बक्सद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आवश्यक परेको खण्डमा मदरसालाई क्वारेन्टाइनका लागि उपलब्ध गराउन तयार छौं ।'

# 'कोरोना संकट अन्त्य गर्न समन्वय आवश्यक'

**सुर्खेत/मस-** कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कोभिड-१९ को संकट अन्त्यका लागि सबै तहका सरकारबीचको आपसी समन्वय आवश्यक भएको बताएका छन् । कर्णाली प्रदेशका १० वटै जिल्लाका जिल्ला समन्वय प्रमुखसँगको भिडियो कन्फरेन्समा बोल्दै मुख्यमन्त्री शाहीले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणमा सबै तहका सरकारहरु गम्भीरतापूर्वक लाग्नुपर्नेमा जोड दिए ।

स्थानीय तहले 'कोभिड-१९' को प्रतिकार्यका लागि गरिरहेका प्रयासको प्रशंसा गर्दै मुख्यमन्त्री शाहीले जिल्ला समन्वय समितिले आफ्नो जिल्लाका स्थानीय तहबीच समन्वय गरी त्यहाँको समस्या र आवश्यकताको बारेमा प्रदेश सरकारलाई जानकारी गराउन आग्रह गरे । उनले भने, 'अहिलेको मुख्य काम भनेकै एकताबद्धरुपमा कोरोना संकटका विरुद्ध लडाइँ लड्नु हो । अब जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र स्वयंसेवकको एकीकृत टोली निर्माण गरी कोरोना प्रतिकार्यमा लाग्नुहोस् ।'

महामारी आइलागे पनि नागरिकको ज्यान सुरक्षार्थ अहिले नै वडास्तरसम्म एकीकृत टोली परिचालनको व्यवस्था मिलाउने गरी तयारी थाले विपद् प्रतिकार्य गर्न सकिने उनले बताए । प्रदेश सरकारले कोरोनाको रोकथाम, नियन्त्रण तथा उपचार कार्यका लागि आवश्यक व्यवस्था गरेको जनाउनु भएका मुख्यमन्त्री शाहीले भने, 'स्थानीय तहका लागि आवश्यक बजेट, स्वास्थ्य सामग्री तथा अत्यावश्यक खाद्यवस्तुको अभाव हुन दिइँदैन ।'

क्षेत्रगत रुपमा बन्दाबन्दीलाई कडाइ गर्दै उच्च सावधानीसहित अत्यावश्यक कृषि कार्य गर्न सम्बन्धित परिवारलाई सामाजिक दूरी कायम गर्न र बाली भण्डारणमा बाहिरको जनशक्ति प्रयोग नगर्न सुझाए । जिसस प्रमुखहरुसँगको उक्त भर्चुअल बैठकमा मुख्यमन्त्री शाहीले एक घरदेखि अर्को घर, एक टोलबाट अर्को टोल, एक स्थानीय तहबाट अर्को स्थानीय जाने कुरामा पूर्ण रोक लगाइ बन्दाबन्दीको प्रभावकारी कार्यान्वयनमा जोड दिन सबैलाई आग्रह गरेका थिए ।

# लागुऔषधसहित दुई जना पक्राउ



**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, ८ बैशाख

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रण तथा रोकथामको लागि भइरहेको लकडाउनलाई थप कडाइ गरिएका बेला सिरहाको विष्णुपुर गाउँपालिकाबाट लागुऔषधसहित सोमबार दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय विष्णुपुरबाट खटिएको प्रहरी गस्ती टोलीले विष्णुपुर गाउँपालिका वडा नं.१ भोलाबाबा चोकस्थित भारतीय BR32R2334 नम्बरको मोटरसाइकललाई चेकजाँच गर्दा सिरहा नगरपालिका वडा नं. १५ बस्ने २८ वर्षीय बमशंकर यादव र सिरहा नगरपालिका वडा नं. १६ बस्ने १८ वर्षीय गोविन्दशंकर यादवलाई उनीहरुको साथबाट लागुऔषध फेला परेपछि यादवद्वयलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

चेकजाँचका क्रममा उनीहरुको साथबाट लागूऔषध डाइलेक्स (डीसी) १०० एम एलको ४५ बोतल र एक छुरा फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी विनोद घिमिरेले बताए ।

पक्राउ परेका दुवै जनालाई लागुऔषध, छुरा र मोटरसाइकल सहित जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पशुपतिमा किरियापुत्री सेवा बन्द, काजकिरियामा समस्या

**काठमाडौं/रासस-** पशुपति क्षेत्रमा रहेका किरियापुत्री घर कोरोना भाइरसको सन्त्रासका कारण बन्द गरिँदा काजकिरियामा असहज भएको किरियापुत्रीले गुनासो गरेका छन् । धनुषाका विमल गौतम आइतबार राति आमाको निधन भएपछि दाहसंस्कारका लागि सोमबार बिहान पशुपति पुगे । विद्युतीय शवदाहगृहमा दाहसंस्कारपछि पशुपतिमै किरिया बस्न किरियापुत्री घरका विषयमा बुझ्दा एक सातादेखि सेवा बन्द भएको जानकारी पाएको उनी बताउँछन् ।



गौतम मात्र होइन एक सातादेखि पशुपति क्षेत्रमा किरियापुत्री सेवा खोज्दै आउनेले यस्तै दुःख पाएको गुनासो गर्ने गरेका छन् । गौतमका आफन्त बिहानभर किरियापुत्री सेवा दिने स्थल खोज्दै मध्यबानेश्वर पुगे । गौतमका दुवै दाजुभाइ राजधानीमा कोठामा बस्ने भएकाले काजकिरिया गर्ने स्थलको समस्या भयो ।

राजधानीमा घर हुनेले पनि आफूलाई चाहिनेबाहेकका कोठा भाडामा लगाउने गरेकाले तत्काल खाली हुँदैन । यसैले घरधनीको रोजाइ पनि किरियापुत्री घर नै हुन्छ । पशुपतिको अत्यावश्यक एवं अतिसंवेदनशील यो सेवा बन्द हुँदा धेरैले गुनासो गर्ने गरेका छन् ।

पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा प्रदीप ढकाल किरियापुत्री बसेका मानिसलाई भेट्न धेरै आफन्त आएर समस्या भयो भनी सँगै बसेका अरु किरियापुत्रीले गुनासो गर्न थालेपछि सेवा बन्द गर्न बाध्य हुनुपरेको बताउँछन् ।

'किरियापुत्रीलाई भेट्न आउनेलाई नआऊ भन्न सकिएन, संवेदनशील ठाउँ भएकाले कसैलाई आऊ कसैलाई नआऊ भन्नुभन्दा बाध्य भएर केही दिनलाई कोरोना भाइरसको सङ्क्रमण नफैलियोस् भनी सेवा बन्द गरेका हौँ, यसबाट आम मानिसमा पर्न गएको असुविधाप्रति कोष क्षमा माग्छ,' उनले भने ।

पशुपतिको राजराजेश्वरीमा किरियापुत्री सेवाका लागि ४२ कोठाको व्यवस्था गरिएको छ । २२ कोठा 'एट्याच बाथरुम'सहितका छन् । जसमा दैनिक रु ५०० शुल्क लिइन्छ । २० वटा कोठामा 'एट्याच बाथरुम' को व्यवस्था छैन । यी कोठामा भने दैनिक रु २०० शुल्क लिइने गरेको पशुपति घाट सेवा प्रमुख कुमार थापा मगरले राससलाई जानकारी दिए ।

'एउटा किरियापुत्रीले राडी मण्डीलगायत सामग्री प्रयोग गरिसकेपछि धोएर अर्कोलाई दिने व्यवस्था थियो, बन्दाबन्दीका कारण धुने सेवा दिने कम्पनीका कामदार आउन नसक्ने भए, नधोइकन अर्कोलाई दिन नसकिनेलगायत स्वास्थ्यसम्बन्धी असुरक्षाका कारण सेवा बन्द गर्न माथिबाट आदेश आएअनुरुप गरेका हौँ,' उनले भने ।

पशुपतिमा घट्न थाले शव

बन्दाबन्दी शुरु भएसँगै पशुपतिमा जलाउन ल्याइने शव घट्ने क्रम अझै जारी छ । चैत ११ गते अघि पशुपतिमा अन्तिम संस्कारका लागि दैनिक ३० देखि ४० शव आउने गरेकामा हाल दैनिक बढीमा १० देखि १५ शव मात्र आएको कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले जानकारी दिए ।

बन्दाबन्दीका कारण अस्पतालमा आकस्मिक सेवाबाहेक बन्द रहेको, धेरै मानिस राजधानी छोडेर गाउँतिर हिँडेको, विदेशबाट शव आउन बन्द भएको र सडक दुर्घटनासमेत कम भएकाले कम शव आएको हुनसक्ने कोषले जनाएको छ । देशविदेशबाट हुने उडान हाल बन्द छ । जसका कारण विदेशमा काम गर्न गएका नेपालीको शव आउने क्रम पनि रोकिएको छ ।

करिब १०० जनाको शव विदेशमै रहेको समाचार हालै सार्वजनिक भएको छ । यातायात सहज नभएपछि उपत्यकाको काठ क्षेत्रबाट पनि पशुपतिमा शव आउन रोकिएको छ । यातायात सहज भएका बेला काठ क्षेत्रका मानिसले पनि पशुपतिमा शव जलाउन ल्याउँथे । यातायात नभएपछि मलामी आवतजावत गर्न समस्या हुने भएकाले काठ क्षेत्रमै रहेका घाटमा शवदाह हुन थालेको हो ।

राजधानीमा डेरा लिएर बस्ने धेरै मानिस आफन्तको निधन भएपछि पशुपतिमा दाहसंस्कार गरी त्यहीँ काजकिरिया गर्थे । किरियापुत्री सेवा बन्द गरिएपछि ती मानिसले पशुपतिमा शव ल्याउन छोडेका छन् । पशुपतिमा शव लैजाँदा ब्रह्मनालमा पशुपतिनाथलाई स्नान गरेको जलले अन्तिम स्नान गराउन पाइने भएकाले मृतकका आफन्तले आर्यघाट लैजान्थे । पशुपतिमा दाउराबाट र विद्युतीय दुवै विधिबाट शवदाहको सेवा उपलब्ध छ । विद्युतीय शवदाहतिर पनि बन्दाबन्दी अघिभन्दा शव घटेको छ ।

हाल पशुपतिमा आउने शवमध्ये धेरै भने विद्युतीय शवदाहमै जलाउन थालिएको छ । आर्यघाट एवं भष्मेश्वर घाटमा जलाउन चार घण्टासम्म लाग्ने र एक शवका कम्तीमा पनि १५० जना मलामी आउँदा भीड बढ्न गई कोरोनाको सङ्क्रमण बढ्न सक्ने भएकाले विद्युतीयतिर आकर्षण बढेको हो ।

विद्युतीय शवदाह गृहमा भने ४५ मिनेटदेखि सवा घण्टासम्ममा शवदाह सकिन्छ । विद्युतीयमा दुई वटा यन्त्र भए पनि एउटालाई सेलाएर मर्मत गर्नुपर्ने भएकाले हाल एउटाबाट मात्र सेवा दिइएको छ । विद्युतीय शवदाह गृहमा शवदाह गर्दा कोषले रु चार हजार शुल्क लिने गरेको छ । भष्मेश्वर घाटमा दाउराबाहेक शवदाह गरेको रु एक हजार ५०० शुल्क लाग्छ । भष्मेश्वर घाटमा ११ वटा चिता छ ।

यसैगरी आर्यघाटमा रु पाँच हजार शुल्क लाग्छ । आर्यघाटमा दुई वटा चिता भए पनि १ नं चिता भने विशिष्ट व्यक्तिका लागि मात्र उपलब्ध हुन्छ । आर्यघाटको २ नं चितामात्र सर्वसाधारणका लागि खुला छ । दाउरा भने आवश्यकताअनुसार लाग्ने गर्छ । दाउरा किलोको रु नौमा बिक्री गरिरहेको कोषका निर्देशक राजु रेग्मीले बताए ।

पशुपतिमा जलाइने शवका लागि सरकारले दाउरामा सहुलियत दिने गरेको छ । धनगढीबाट काठमाडौँमा दाउरा ल्याउन ढुवानी खर्च मात्र किलोको रु २० लाग्छ । यो खर्च हालसम्म जिल्ला वन कार्यालय काठमाडौँले व्यहोर्दै आएको छ । दाउरा कटान र ट्रकमा हाल्ने ओराल्ने (लोड अनलोड) को ज्याला टिम्बर कर्पोरेसन अफ नेपाल (टिसिएन) ले व्यहोर्ने गरेको कोषको सार्वजनिक खरिद तथा सेवा सुविधा शाखा प्रमुख रेग्मीले जानकारी दिए ।

यो सुविधा अन्यत्रका घाट सेवामा नभएकाले पनि पशुपतिमा शव बढी आउँथे । अन्यत्र शवदाह गर्दा मृतकका आफन्तले नै दाउराको व्यवस्था गर्नुपर्छ । पशुपतिमा शव जलाइदिने कर्मचारी र ब्राह्मणको व्यवस्था पनि अन्यत्र भन्दा सहज छ ।

# के तपाईं भोकै हुनुहुन्छ ? पिर नमान्नु

**हरि बाँस्तोला/रासस**
पोखरा, ८ बैशाख

कोभिड-१९ को महामारीसँगै लकडाउन जारी रहेको अवस्थामा यहाँको एक संस्थाले भोका विपन्न मजदूरका लागि निःशुल्क भोजन सेवा उपलब्ध गराएको छ । पोखरा महानगरपालिका वडा नं ७ मासवारमा महानगर र पौरखी स्वयंसेवी समूहको समन्वयमा भोका मजदूर वर्गलाई तत्तत् स्थानमा पुगी भोजन वितरण गर्दै आएको हो । शनिबारदेखि खाना बनाएर प्राप्त सूचनाका आधारमा खाना सेट प्याकिङ गरी सम्बन्धित ठाउँमा पुऱ्याएर विपन्न तथा मजदूर एवं असहायलाई पेटभर्ने काम गरिएको समूहका सदस्य विश्वप्रकाश लामिछानेले जानकारी दिए ।

'खानै नपाएर कोही पनि भोको पेट बस्नु नपरोस् भनेर हामीले यो अभियान थालेका हौं,' उनले भने, 'दाताहरुबाट खाद्यान्न लिएर मासवारस्थित शान्ति नगर बैक्यूट पार्टी प्यालेसमा खाना सेट तयार गरि मजदूर तथा असहायका कोठमा पुऱ्याउने गरेका छौं ।'

कोरोना भाइरस नियन्त्रणका लागि मुलुकमा शुरु भएको लकडाउनका कारण हातमुख जोर्न नपाएका व्यक्ति वा परिवारको पेट भर्न पाउँदा सन्तोष मिलेको बताउँदै उनले दाल, भात, तरकारी र चटनीसहितको प्याकेट तयार गरी गाडीमा राखेर सम्बन्धित स्थानमा पुऱ्याउने गरेको बताए ।

समूहमा आबद्ध २० जना सदस्यले प्रतिव्यक्ति खर्चबाट दैनिक ज्यालादारी गरी जीविकोपार्जन गर्दै आएका परिवारलाई बिहान र बेलुका खानाको व्यवस्था गर्दै आएको बताउँदै लामिछानेले भने, 'अहिले भने सहयोगी मन दिनप्रतिदिन बढ्दै गएका कारण भोका पेटलाई भर्न हौसला मिलेको छ ।' वैशाख ६ गते शनिबारदेखि सञ्चालन गरिएको समाजका विपन्न एवं मजदूरी गरी जीवनयापन गर्दै आएको परिवारमा सबैभन्दा बालबालिका र वृद्धवृद्धाहरु अप्ठेरोमा परेको संस्थाका अर्का सदस्य जनक पराजुलीले जानकारी दिए ।

उनका अनुसार पोखराको रामघाट, चाउथे, जनप्रिय, चिप्लेढुङ्गालगायतका विभिन्न स्थानबाट आएको मागका अनुसार संस्थाले खानाका प्याकेट पुऱ्याउँदै आएको हो । संस्थाले शुरुका दिनमा १९७ र दोस्रो दिन ८०० जनालाई हातहातमा खानाको सेटसहितको प्याकेटको प्रबन्ध गरेको छ । आज तेस्रो दिन बिहान मात्र ६५२ जनालाई खानाको व्यवस्था गरिएको थियो ।

## फुटलाई...

दल नेपाली काँग्रेसले भने यसलाई बेमौसमी बाजा भनेको छ । प्रवक्ता विश्वप्रकाश शर्माले ट्वीट गरी महामारी विरुद्ध लड्नुपर्ने बेला यस्तो बेमौसमी बाजा उपयुक्त नहुने तर्क गरेका छन् ।

धेरैले भने प्रधानमन्त्री ओलीले पार्टी विभाजन गर्ने मनसायले अध्यादेश ल्याएको तर्क गरेका छन् । प्रचण्ड, बरिष्ठ नेता झलनाथ खनाल, नेता नेपाल र उपाध्यक्ष वामदेव गौतम एकातिर उभिएपछि प्रधानमन्त्री ओलीले यस अघिबाटै असन्तुष्टि जनाउँदै आएका थिए । प्रधानमन्त्री ओलीले उपाध्यक्ष गौतमलाई सचिवालयकै निर्णय बिपरीत राष्ट्रियसभामा नलैजाने अडान नै लिएका थिए । प्रचण्ड, खनाल, नेपाल र गौतम एकातिर उभिदा पार्टीमा प्रधानमन्त्री ओलीले ४० प्रतिशत नपुऱ्याए पनि संसदबाट ४० प्रतिशत बनाएर पार्टी फुटाउने तयारीमा लागेका रुपमा धेरैले अनुमान गरेका छन् । तर, नेकपाका नेताहरुले भने पार्टी विभाजनका लागि यो प्रस्ताव नआएको तर्क गरेका छन् । अहिले तत्काल कुनै पार्टी विभाजन नभए पनि यसले राजनीतिक अस्थिरता निम्त्याउने भने पक्का छ । किनभने, यसअगाडि सरकार बदल्नकै लागि पार्टी विभाजन हुने गरेपछि संवैधानिक व्यवस्थाअनुसार, निर्वाचनमा थ्रेसहोल्ड र पार्टी विभाजनमा कडा व्यवस्था गरिएको थियो ।

## अब...

रहेको बताउँछन् । यसको राजनीतिक असर छोड्ने हो भने अध्यादेशबारे अब तीन कुरा हुन्छन् । पहिलो, संसद शुरु भएपछि संघीय संसदको दुवै सदनबाट पारित भई कानूनी रुप लिन्छ । यदि, यस्तो नभए ६० दिनपछि स्वतः निष्कृय भएर जानेछ ।

यो भन्दा फरक विकल्प पनि छ । त्यो हो, प्रधानमन्त्रीले चाहे भने जुनसुकै बेला राष्ट्रपति मार्फत् खारेज गरिदिन सक्छन् । मन्त्रिपरिषद बैठकको सिफारिसमा राष्ट्रपतिले खारेज भएको घोषणा गर्न सक्छन् ।

## श्रम ...

नागरिकलाई पाकिस्तानले फिर्ता गर्न शुरु गरेको छ । यता जो जहाँ जुन अवस्थामा छ त्यही अवस्थामा बस्नुपर्ने प्रधानमन्त्री केपी शर्मा ओली र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पछिल्लो विज्ञप्तिले नेपालले तत्काल आफ्ना नागरिक फिर्ता ल्याउन नसक्ने देखिएको छ ।

## आवास...

बढ्ने भन्दै दूतावासले कुनैपनि बहानामा आवास बाहिर निकाल्न खोजिएमा सो स्वीकार नगर्न र आवास नछोड्न सम्बन्धित नेपाली कामदारहरुलाई निर्देशन दिएको छ ।

कोरोना भाइरस संक्रमणको अवस्थामा कसैलाई पनि आवासबाट बाहिर निकाल्न नपाइने भन्दै दूतावासाले कसैले जबरजस्ती गरेमा जबरजस्ती गर्नेको टेलिफोन नम्बर आफ्नो विवरणसहित नजिकको प्रहरी कार्यालय वा साउदी अरबको मानव संशाधन तथा सामाजिक विकास मन्त्रालयको सेवाग्राही नंवर १९९११ वा नेपाली राजदूतावास रियाद वा जेद्धास्थित महावाणिज्यदूतावासमा सम्पर्क गर्न पनि अनुरोध गरेको छ ।

# विश्व क्रिकेटका सर्वकालिन कप्तान



**काठमाडौं, एजेन्सी–** विश्व क्रिकेटमा एकदिवसीय खेलमा जति पनि कप्तान बने उनीहरुमा कोहि सफल भए कोहि असफल। कतिले धेरै समय देशको कप्तानी गरे भने कोहि असफल हुँदा थोरै समयमात्र टिमलाई सम्हाले । यस्तैमा क्रिकेटमा खेलाडीका रुपमा सफल बनेपनि कप्तानमा रुपमा त्यति सफल हुन सक्दैनन्। तर कतिपय यस्ता कप्तान छन्, जसले खेलाडी र कप्तानीका रुपमा सफलताको शिखर चुमेका छन् । क्रिकेटका उत्कृष्ट तीन कप्तानका बारेमा जानकारी दिने छौं ।

## रिकी पोन्टिङ

विश्व क्रिकेटमा सर्वाधिक सफल कप्तानको सूचीको शीर्ष स्थानमा रिकी पोन्टिङ छन् । उनको कप्तानीमा अष्ट्रेलियाले विश्व क्रिकेटमा नै एकछत्र राज गरेको थियो । १९९५ देखि २०१२ सम्म राष्ट्रिय टिमबाट खेलेका पोन्टिङ अष्ट्रेलियाको सर्वकालिन महान खेलाडीको सूचीमा पर्छन् । उनले सन् २००२ देखि २०१२ सम्म टिमका कप्तानी गरेका थिए । उनको कप्तानीमा अष्ट्रेलियाले दुई पटक विश्वकपको उपाधि उचाल्यो ।

जसमा उनले सन् २००३ र २००७ मा विश्वकपको उपाधि टिमलाई जिताएका थिए । उनी कप्तान हुँदा अष्ट्रेलियन क्रिकेटको गोल्डेन एरामा रहेको बताइन्छ । पोन्टिङले ७७ टेष्टमा कप्तानी गर्दा ४८ मा जित, १६ मा हार र १३ बराबरी भएका थिए । यस्तै एकदिवसीयमा २३० खेलमा कप्तानी गर्दा १६५ मा जित, ५१ मा हार र २ खेल बराबरी गरेका थिए । उनले कुल तीन सय ३४ खेलमा कप्तानी गर्दा २२० खेलमा जित, ७७ खेलमा हार र १५ खेलमा बराबरी भएका थिए । अब उनको रेकर्डलाई तोडेन अर्को कप्तान कहिले जन्मिन्छ, त्यो हेर्न बाँकी छ ।

## महेन्द्रसिंह धोनी

भारतको विकट ठाँउ झारखण्डबाट उठेर विश्व क्रिकेटमा नै तहल्का मच्चाएका धोनी भारतीय क्रिकेटका सफल कप्तानका रुपमा मानिन्छन् । आइसीसीका तीन वटै प्रतियोगिताको उपाधि जित्ने एक्लो भारतीय कप्तान धोनीले सन् २००४ मा भारतीय टिमबाट खेलेका थिए । उनले सबै फरम्याटमा २००७ देखि २०१६ सम्म कप्तानी गरेका थिए। जसमा उनले तीन सय ३२ खेलमा कप्तानी गरेका थिए । क्रिकेट इतिहासमा उत्कृष्ट फिनिसर मानिने धोनीले २००७ मा टी २० विश्वकप, २०१० मा एशिया कप, २०११ मा विश्वकप र २०१३ मा च्याम्पियन्स ट्रफि जितेका थिए ।

धोनीले टेष्ट क्रिकेटमा २००८ देखि २०१४ सम्म कप्तानी गरे । जसमा उनले ६० खेलमा कप्तानी गरे । जसमा २७ जित, १८ हार र १५ बराबरी गरे । एकदिवसीयमा उनले २०० खेलमा कप्तानी गर्दा ११० मा जित, ७४ मा हार र पाँच खेल बराबरी भएका थिए ।

यसरी उनले ३३२ खेलमा कप्तानी गर्दा १७८ खेलमा जित, १२० खेलमा हार र १९ खेल बराबरी भएका थिए ।

## ग्रेम स्मिथ

बाँया हाते ब्याट्सम्यान र पार्ट टाइम अफस्पिनर ग्रेम स्मिथले सन् २००२ देखि २०१४ सम्म दक्षिण अफ्रिकी टिमबाट तीन वटै फरम्याटमा क्रिकेट खेले । उनले आफ्नो करियर सुरु भएको पहिलो बर्षमा नै टिमको कप्तानीको जिम्मेवारी पाएका थिए । उनी सो बेला विश्व क्रिकेटमा सबै भन्दा कान्छो कप्तान बनेका थिए ।

उनले दक्षिण अफ्रिकाका लागि करियरको अन्तिमसम्म कप्तानी गरे । उनको कप्तानीमा दक्षिण अफ्रिकाले दुई सय ८६ खेल खेल्यो । जसमा एक सय ६३ खेलमा जित निकालेको थियो ।

उनले टिमका लागि कप्तानी गर्दा जितको प्रशिशत ५६ दशमलव ९९ को रहेको थियो । उनी दक्षिण अफ्रिकी टिमका सर्वकालिन राम्रा कप्तान बनेका थिए । उनको डाटा हेर्दा उनी विश्व क्रिकेटमा एउटा सफल कप्तान रहेको पुष्टि हुन्छ ।

स्मिथले टेष्टमा २००३ देखि २०१४ सम्म कप्तानी गर्दा एक सय नौ टेष्टमा कप्तान गरे । जसमा उनले ५३ खेल जिते भने २९ खेल हारे । २७ खेल बराबरीमा सकिएका थिए ।

एकदिवसय उनले एक सय ५० खेलमा कप्तानी गरे । जसमा उनले ९२ खेलमा जित निकाले भने ५१ खेलमा हार र एक खेल बराबरी भएको थियो । यसरी उनले ओभरअलमा दुई सय ८६ खेलमा कप्तानी गरेका थिए । जसमा एक सय ६३ खेलमा जित र ८९ खेलमा हार तथा २८ खेलमा बराबरी गरेका थिए । त्यसैले उनी सफल कप्तानको सूचीमा तेस्रो स्थानमा रहेका छन् ।

# अन्धाधुन्ध गोली प्रहार, १६ जनाको हत्या

**टोरन्टो, एजेन्सी–** क्यानाडाको नोभा स्कटिया प्रान्तमा प्रहरीको वेशमा आएका एक बन्धुकधारीले अन्धाधुन्ध गोली प्रहार गरी आइतबार १६ जनाको हत्या गरेका छन् । प्रहरीका अनुसार कोरोनाभाइरसका कारण लकडाउन गरिएकाले मानिसहरु घरभित्र रहेकै समयमा ती व्यक्ति घरघरभित्र प्रवेश गरेर मानिसलाई गोली प्रहार गरेका र कतिपय घरमा आगो समेत लगाइदिएका थिए ।





क्यानाडाको इतिहासमा सबैभन्दा विभत्स मानिएको यस घटनामा संलग्न व्यक्ति पनि प्रहरी कारबाहीमा मारिएको प्रहरीले जनाएको छ । मारिएका व्यक्तिमध्ये एक जना प्रहरी अधिकृत पनि रहेका छन् । हेलिफ्याक्सबाट उत्तरतर्फ करिब १०० किलोमिटरको दुरीमा रहेको सानो ग्रामीण शहर पोर्टापिकमा उक्त घटना भएको हो । प्रहरीका अनुसार एउटा सानो घरभित्र र बाहिर सबैभन्दा बढी मानिसका शव भेटिएका थिए ।

घटनालगत्तै प्रहरीले स्थानीयवासीलाई घरभित्रै बस्न र घरका ढोकामा ताला लगाउन अनुरोध गरेको थियो । क्यानाडा सहित यो ठाउँ पनि कोरोनाभाइरस महामारीका कारण लकडाउनको अवस्थामा छ । प्रहरीले बन्धुकधारी ५१ वर्षीय ग्याब्रिएल वोर्टम्यान भएको बताएको छ । उनी पनि पोर्टापिककै अस्थायी बासिन्दा रहेको प्रहरीले जनाएको छ । उनले प्रहरीको पोशाक लगाउनुका साथै रोयल क्यानेडियन लेखिएको प्रहरी कारमा सवार थिए ।

“यो हाम्रो प्रान्तको इतिहासमा भएको हिंसाको सबैभन्दा विभत्स घटना हो,” नोभा स्कटियाका प्रमुख स्टिफन म्याकनीलले बताए । क्यानेडियन प्रहरीका प्रवक्ता डानियल ब्राइनले उक्त संदिग्धका अतिरिक्त १६ जनाको मृत्यु भएको पुष्टी गरे ।

क्यानाडामा सामूहिक गोलीकाण्डका घटना कमै हुने गरेका छन् । सन् १९८९ मा मोन्ट्रियलको इकोल पोलिटेक्निक कलेजमा बन्दुकधारी मार्क लेपिनले १४ जना महिलाको हत्या गरेपछि क्यानाडाले आफ्नो बन्दुक नियन्त्रण कानुनमा संशोधन गरेको थियो ।

क्यानाडामा अहिले दर्ता नभएका ह्यान्डगन (हाते बन्दुक) वा एकै पटक धेरै गोली हान्न सक्ने (आरपिडब्लु) स्वचालित हतियार राख्न अवैध बनाइएको छ । हतियार किन्नुअघि पर्याप्त प्रशिक्षण, व्यक्तिगत जोखिम मूल्याँकन, दुई जनाको सिफारिस, पति वा पत्नीलाई पूर्व जानकारी तथा फौजदारी रेकर्डको जाँच गरिन्छ ।

उक्त घटनालगत्तै प्रधानमन्त्री जस्टिन ट्रुडोले एउटा हस्तलिखित विज्ञप्ति प्रकाशन गरी “एक देशको रूपमा, यस्ता क्षणहरूमा हामी एक अर्कालाई सहयोग गर्न एकताबद्ध हुन्छौं । हामी सबै पीडित परिवारको साथमा छौं, उनीहरूलाई यो कठिन समयमा सहयोग गर्नेछौं” भनेका छन् । प्रहरी प्रमुख क्रिस लिथरले घटनाको मुख्य उद्देश्य अनुसन्धानको क्रममा रहेको जानकारी दिए । उनले अहिलेसम्मको अनुसन्धानले घटनामा एक व्यक्ति मात्र संलग्न रहेको देखिएको बताए । उक्त घटनालगत्तै पुगेको प्रहरी र संदिग्ध व्यक्तिबीच गोली हानाहान भएको पनि लिथरले बताए ।

# गुगल, फेसबुकले पैसा तिर्नु पर्दछ – अस्ट्रेलिया सरकार





**ब्रिसबेन, एजेन्सी–**अस्ट्रेलिया सरकारले गूगल र फेसबुकले अस्ट्रेलियाली समाचार संस्थाका सामग्री प्रयोग गरेबापत आमसंचार माध्यमलाई भुक्तानी गर्नुपर्ने बताएको छ । अस्ट्रेलियाका अर्थमन्त्री जोश फाइडेनबर्गले अस्ट्रेलियाली संचार माध्यमका समाचार र अरु सामग्री प्रयोग गरेबापत गूगल र फेसबुकले भुक्तानी गर्नु पर्दछ र यससम्बन्धी कानुन ल्याइने बताएका छन् । उनले आगामी जुलाईसम्ममा अमेरिकी प्रविधि कम्पनीहरुका लागि लागू हुनेगरी त्यस्तो कानुन कार्यान्वयनमा ल्याइने दृढता व्यक्त गरे । अर्थमन्त्री फाइडेनबर्गले यो घोषणा यी प्रविधि क्षेत्रका कम्पनीलाई जिम्मेवार बनाउन गरिएको हो भन्दै यसबाट प्रतिस्पर्धी क्षमता विकास गर्न मद्दत पुग्ने बताए । उनले भने, “यो व्यवस्थाबाट पत्रकारिता क्षेत्रको रोजगारी संरक्षण गर्न मद्दत गर्नेछ र यो व्यवस्थाले सबैलाई फाइदा पुग्नेछ ।”

गुगल र फेसबुकको अस्ट्रेलियाली समाचार उद्योगमा ठूलो प्रभाव रहेको छ । अनलाइन विज्ञापनमा हुने खर्चको झण्डै दुई तिहाई हिस्सा यिनै दुई कम्पनीले आम्दानी गरिरहेका छन् । संचार क्षेत्रको आम्दानी घटेसँगै अस्ट्रेलियाली समाचार माध्यमहरुले विगत ६ वर्षको अवधिमा झण्डै २० प्रतिशत रोजगारी कटौती गरिसकेका छन् ।

सरकारको पछिल्लो व्यवस्थाबाट विज्ञापनको आम्दानीमा संचार क्षेत्रको हिस्सा बढेमा त्यसो गर्ने यो विश्वमै पहिलो मुलुक हुनेछ । यही समस्यालाई सुल्झाउन फ्रान्सले गत वर्ष युरोपेली युनियनमै पहिलोपटक बौद्धिक सुरक्षा कानुन ल्याएको थियो, तर गूगलले फ्रान्सलाई भुक्तानी गर्न अस्वीकार गरिरहेको छ । फ्रान्सेली समाचार सामग्री राखेको आरोपको जवाफ दिँदै गूगलले आफ्नो साइटमा फ्रान्सेली समाचार नै नराख्ने चेतावनी दिएको छ ।

फ्रान्सेली अधिकारीहरुले अन्ततः गूगलसँग मध्यस्थता गर्नु परेको थियो । यही परिस्थिति स्पेनमा पनि देखिएको छ, जहाँ गूगलले समाचार सामग्रीको भुक्तानी दिन नसकिने भन्दै आफ्नो गूगल न्यूज सेवा सन् २०१४ देखि नै बन्द गरेको छ । फेसबुकका लागि अस्ट्रलिया र न्यूजील्यान्ड व्यवस्थापन निर्देशक विल इस्टोनले अस्ट्रेलिया सरकारको घोषणाबाट आफूहरु निराश भएको बताएका थिए । उनले फेसबुकले अस्ट्रेलियाली प्रकाशकहरुलाई मद्दत गर्न दशौं लाख डलर खर्च गरिसकेको पनि बताए ।

गुगलका एक जना प्रवक्ताले अस्ट्रेलियाली प्रकाशकहरु र सरकारी निकायहरुसँग यस बारेमा छलफल गर्न सदैब तत्पर रहेको बताएका छन् । मर्डक न्यूज कर्प अस्ट्रेलेसियाका कार्यकारी अध्यक्ष मिसेल मिलरले सरकारले गरेको घोषणा निकै महत्वपूर्ण रहेको बताउँदै दुई दशकदेखि गूगल र फेसबुकले अरुकै सामग्रीबाट खर्बौं डलर आम्दानी गरेका तर त्यसको भुक्तानी गर्न अस्वीकार गरिरहेकामा आक्रोश व्यक्त गरे । एक अध्ययनअनुसार अस्ट्रेलियामा हरेक महिना करिब १ करोड ७० लाख मानिसले फेसबुक चलाउँछन् भने एक दिन फेसबुकमा औसत ३० मिनेट व्यतित गर्दछन् । करिब ९८ प्रतिशत अस्ट्रेलियालीले मोबाइलमा सर्च गर्न गूगलको प्रयोग गर्दछन् ।

# इटली र फ्रान्सलाई अलि राहत



**काठमाडौं, एजेन्सी–** कोरोना भाइरसबाट अत्यधिक प्रभावित इटाली र फ्रान्समा हप्तौं पछि मृत्यु हुनेको संख्यामा कमी आएको छ । फ्रान्समा कोरोना भाइरसका कारण मृत्यु भएका ३ सय ९५ नयाँ घटना दर्ता भएका छन्, जसमध्ये २ सय २७ जना अस्पतालमा र १ सय ६८ जनाको मृत्यु नर्सिङ होममा भएको हो । यसका साथै फ्रान्समा मृत्यु हुनेको संख्या १९ हजार ७ सय १८ भएको छ । फ्रान्समा कोरोना संक्रमणका कारण अस्पताल भर्ना हुनेको संख्यामा पनि कमी आउन थालेको छ ।

यतिबेला फ्रान्समा करिब ३० हजार संक्रमितको उपचार भइरहेको छ । आइतबार फ्रान्समा २९ जना मात्र कोरोना भाइरसका बिरामी अस्पताल भर्ना भएका बताइएको छ । फ्रान्समा पछिल्लो ५ दिनदेखि अस्पताल भर्ना हुनेको संख्यामा कमी आइरहेको छ ।

फ्रान्सका प्रधानमन्त्री एडवार्ड फिलिपले भने, ‘हामी यो महामारीविरुद्ध जीतको दिशामा अघि बढेका छौं । विस्तारै विस्तारै सुधार भइरहेको छ । हामी अझै स्वास्थ्य सङ्कटको अवस्थाबाट बाहिर आएका छैनौं ।’

इटालीमा आइतबार कोरोना भाइरस संक्रमणका कारण ४ सय ३३ जनाको मृत्यु भएको पुष्टि भएको छ । यो पछिल्लो १ सातामा सबैभन्दा कम मृत्यु हो । इटालीमा हालसम्म २३ हजार ६ सय ६० जनाको मृत्यु भइसकेको छ । मृत्युको संख्यामा इटाली अमेरिकापछि दोस्रो नम्बरमा छ । अमेरिकामा संक्रमणका कारण ४० हजार ५ सय ५५ जनाको मृत्यु भएको पुष्टि भएको छ । आइतबारको तथ्याङ्कअनुसार इटालीमा नयाँ संक्रमितको संख्यामा पनि जम्मा १.७ प्रतिशत मात्र वृद्धि भएको छ ।

# एशियाली बजारमा तेलको मूल्यमा पुनः गिरावट



**हङकङ, एजेन्सी–** इन्धन भण्डारणको समस्या आएसँगै एसियाली बजारमा तेलको मूल्यमा सोमबार भारी गिरावट आएको छ । तेलको मूल्यमा विगत दुई दशकयताकै यो सबैभन्दा न्यून विन्दुमा पुगेको छ । अमेरिकी बेन्चमार्क वेस्ट टेक्सास इन्टरमिडिएटको मूल्य प्रतिब्यारेल १५ अमेरिकी डलरमा कारोबार भएको छ । अघिल्लो दिनको तुलनमा यो झण्डै २० प्रतिशत गिरावट हो । सन् १९९९ यताकै यो सबैभन्दा न्यून मूल्य हो । कोरोना महामारीका कारण मागमा कमी आएपछि मूल्यमा पनि व्यापक गिरावट आएको बजार विश्लेषकहरुले बताएका छन् ।

विश्लेषकहरुका अनुसार यसै अप्रिल महिनामा विश्वका ठूला तेल उत्पादक मुलुकहरुबीच प्रतिदिन एक करोड ब्यारेल तेल उत्पादन कटौती गर्ने सहमति भए पनि त्यसले बजारलाई स्थायित्व दिन सकेको देखिएन । विश्वका धेरै देशमा हाल जारी लकडाउन र यात्रा प्रतिबन्धले अर्बौं मानिस घरभित्रै बस्न बाध्य भएका कारण तेलको मागमा व्यापक कमी आएको छ ।

डब्लुटिआईको ओक्लाहोमास्थित कुसिङ तेल भण्डारणमा तेल भरिन लागेको छ । एएनजेडले मागमा कमी आएका कारण कच्चा तेलको मूल्यमा दबाब रहिरहने बताएको छ ।

इटाली, स्पेन, फ्रान्स र बेलायतमा कोरोनाभाइरसका कारण हुने दैनिक मृत्यु दर एवं संक्रमित दरमा कमी आएको बताएका छन् । युरोपका देशहरुले लकडाउनमा विस्तारै सहजीकरण गर्न योजना अघि सार्न थालेका छन् भने संयुक्तराज्य अमेरिकामा अर्थतन्त्र र बजार खुलाउन माग गर्दै प्रदर्शन पनि हुन थालेको छ ।

शेयर बजारतर्फ हङकङ, शाङघाई र सियोलको बजार ०.१ प्रतिशतले बढेको छ भने वेलिङटनको शेयर बजार ०.४ प्रतिशतले वृद्धि भएको छ । तर टोकियो शेयर बजार ०.९ प्रतिशतले घटेको छ । सिड्नी र मनिला शेयर बजार १ प्रतिशतले घटेको छ । ताइपेई, सिंगापुर र जकार्ताको शेयर बजारमा कमी आएको छ ।

लगानीकर्ताहरु वासिङ्टन डिसीतर्फ ध्यानदृष्टि लगाएका छन् जहाँ अमेरिकी कङ्ग्रेस र ह्वाइट हाउसबीच साना व्यवसायलाई मद्दत गर्नेगरी अघि सारिएको ४ खर्ब ५० अर्ब डलरको राहत प्याकेजका बारेमा छलफल जारी छ । अमेरिकी सरकारले यसअघि नै अर्थतन्त्रलाई जोगाउन २० खर्ब डलरको राहत प्याकेज घोषणा गरिसकेको छ ।

# तेलंगना सरकारले लकडाउनको अवधि थप्यो

**हैदराबाद, एजेन्सी–** भारतको तेलंगना सरकारले हाल जारी रहेको लकडाउनको अवधिलाई आगामी मे ७ तारिखसम्म लम्ब्याउने निर्णय गरेको छ । यहाँको मन्त्रिपरिषद्ले आइतबार सो निर्णय गरेको बताइएको छ । यसअघि घोषित यो नीतिमा थप गरी यो अवधिसम्म पुर्‍याइएको समाचारमा जनाइएको छ । तेलंगना राज्यका मुख्यमन्त्री के चन्द्रशेखर रावले यस विषयमा जानकारी दिएका छन् । उनकाअनुसार यहाँका अत्यावश्यक खाद्यान्नलगायतका उद्योग र औषधि उद्योग एवं पसलहरु भने खुला रहने छन् ।

यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मे १ तारिखसम्म लगाएको लकडाउनको अवधिलाई बढाएर भारतभर मे ३ सम्म पऱ्याएलगत्तै यता यस राज्य सरकारले पनि यो घोषणा गरेको हो । मुख्यमन्त्री रावले तलंगना राज्यमा बाहिरबाट आएर बसोबास गरिरहेका आप्रबासीहरुमध्ये परिवारमा बस्नेहरुका लाग प्रतिपरिवार १ हजार ५०० भारतीय रुपैयाँ र एक्लै बस्नेका लागि खाद्यान्न उपलब्ध गराइने जानकारी पनि दिए ।

# मुख्यमन्त्री योगी पिताको अन्त्येष्टिमा अनुपस्थित हुने

**लखनउ, एजेन्सी–** भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ आफ्नै पिताको अन्त्यष्टिमा पनि सहभागी नहुने भएका छन् । कठोर धार्मिक स्वभावका आदित्य आफ्नै पिताको अन्त्येष्टिमा पनि सहभागी नहुनुलाई अनौठो र अस्वभाविक घटनाको रुपमा लिइएको छ ।

लकडाउनको कार्यान्वयन र कोरोनाभाइरस विरुद्धको लडाईंका कारण आफु पिताको अन्त्येष्टिमा सहभागी हुन नसक्ने उनले बताए । उनको अन्त्येष्टि मङ्गलबार गरिने कार्यक्रम रहेको छ ।

मुख्यमन्त्री योगीका पिता आनन्द सिंह विष्टको सोमबार नयाँ दिल्लीस्थित एम्स अस्पतालमा निधन भएको हो । उत्तर प्रदेशका अतिरिक्त मुख्यसचिव आश्विन कुमार अवस्थीले मुख्यमन्त्री योगीका पिता विष्टको स्थानीय समय अनुसार बिहान १०.४४ बजे निधन भएको जानकारी दिए । उनको अन्त्येष्टिमा मलामीहरुको सङ्ख्या पनि न्युन गराउन जोड दिएको पनि मुख्यसचिव अवस्थीले बताए ।

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



# पर्यटन क्षेत्रलाई माथि उकास्न योजना बनाउँदै पर्यटन मन्त्रालय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ बैशाख

कोरोना भाईरस (कोभिड-१९) बाट नराम्ररी असर परेको पर्यटन क्षेत्रलाई माथि उकास्ने विभिन्न योजना बनाएको जनाएको छ । सोमबार नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आयोजना गरेको भिडियो कन्फ्रेन्समा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईले विभिन्न योजना बनाईरहेको बताए । उनले कोरोना भाईरसले नेपालको पर्यटन क्षेत्रलाई चलायमान बनाउन सरकारी तथा निजी क्षेत्रबाट समेत विभिन्न पहलकदमी भइरहेको छ ।

भिडियो कन्फ्रेन्समार्फतको अन्तर्क्रियामा मन्त्री भट्टराईले कोभिड-१९ बाट पर्यटन क्षेत्रमा परेको वास्तविक असरको पहिचान गरी यस क्षेत्रलाई माथि उकास्न नयाँ योजनाका साथ अघि बढ्ने बताए । उनले आन्तरिक पर्यटकमार्फत पर्यटन क्षेत्र बचाउन एक महिना बिदा दिने गरि योजना बनाइरहेको पनि बताए ।



पर्यटन क्षेत्रको असरबारे अध्ययन गर्न पर्यटन मन्त्रालयका सहचिव घनश्याम उपाध्याय, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा धनञ्जय रेग्मी र नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेल रहेको समितिले वास्तविक विवरण सङ्कलन गरिरहेको छ ।

पर्यटनको यकीन विवरण आएपछि के कस्ता राहतका कार्यक्रम ल्याउने भन्ने टुङ्गोमा पुगिने पर्यटन मन्त्री भट्टराईको भनाइ छ । उनले भने, "यो कोभिड-१९ महामारी नियन्त्रणका बारेमा अहिले नै भन्न सकिने अवस्था छैन । सङ्क्रमण रोकिए पनि विदेशी पर्यटक आउने सम्भावना कम छ । त्यसैले नेपालको पर्यटन क्षेत्रलाई 'भाइब्रेन्ट' बनाउन आन्तरिक पर्यटनलाई बढावा दिनुपर्छ ।"

मन्त्री भट्टराईले पर्यटन क्षेत्रको वित्तीय सङ्कट समाधानका लागि अर्थमन्त्रालय र राष्ट्रिय योजना आयोगसँग पनि छलफल भइरहेको बताउँदै आगामी बजेटका सन्दर्भमा अहिले उठेका विषयलाई सम्बोधन गर्न सकिने धारणा राख्नुभयो । उनले पर्यटन क्षेत्रका श्रमिकलाई वैकल्पिक काममा लगाउन सरकारले गृहकार्य गरिरहेको जानकारी पनि दिए ।

पर्यटन क्षेत्रका जनशक्तिलाई हिमाल सरसफाइ, पदमार्ग निर्माण, साइनेजिङ, फुट ट्रेल निर्माणलगायत काममा लगाउन सकिने उहाँको भनाइ छ ।

नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले कोभिड-१९ बाट थलिएको पर्यटन क्षेत्रलाई सामान्य अवस्थामा फर्काउन आगामी तीन वर्षको गुरुयोजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले भने, "सरकारले सन् २०२० सम्मको गुरुयोजना बनाएर पर्यटन क्षेत्रको पुनरुत्थान गर्नुपर्छ, सरकार र निजी क्षेत्रको सहकार्यमा सन् २०२० मा पर्यटन उद्योगलाई बचाउने, सन् २०२१ मा पुनरुत्थान गर्ने र सन् २०२२ मा पूर्णरूपमा पर्यटकीय गतिविधि विस्तार गर्ने रणनीति लिनुपर्छ ।"

पर्यटन मन्त्रालयले नीतिगत सुधार गरी मन्त्रालयका अन्यत्रका बजेट कार्यक्रमलाई कोभिड-१९ ले शिथिल बनेको पर्यटनमा खर्च गर्ने वातावरण सिर्जना गर्न जरुरी छ । सरकारले यो अवस्थामा मुलुकको हरेक क्षेत्रमा सुरक्षा अवलम्बनका लागि म्यानुअल संयन्त्र बनाउन आवश्यक रहेको जोशीले बताए ।

होटल एशोसिएसन अफ नेपाल (हान) का द्वितीय उपाध्यक्ष प्रविण पाण्डेले पर्यटन उद्योग बचाउन निजी क्षेत्रले जम्मा गरेको सामाजिक सुरक्षा कोष प्रयोगमा ल्याउनुपर्ने बताए । उनले नेपालमा लकडाउन खुलेपछि पनि केही समय विदेशी पर्यटक आउने सम्भावना कम रहेको भन्दै आन्तरिक पर्यटन प्रवर्द्धनलाई जोड दिनुपर्ने खाँचो औंल्याए ।

# लकडाउनका कारण यार्सा टिप्न रोक राजस्व प्रभावित

**नवीन लामिछाने/रासस**
काठमाडौं, ८ बैशाख

मनाङ : विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले देशभर लागू गरेको बन्दाबन्दी (लकडाउन) का कारण यार्सागुम्बा टिप्नमा रोक लगाइएको छ । यार्सागुम्बा टिप्ने मौसम शुरु भए पनि लकडाउनका कारण यस वर्ष जिल्ला प्रशासन कार्यालय मनाङले यार्सागुम्बा टिप्न रोक लगाएको हो ।

सङ्घीय सांसद पोल्देन छोपाङ गुरुङको अध्यक्षमा जिल्लाका चारवटै गाउँपालिकाका प्रमुखको सहभागितामा बसेको बैठकले यार्सागुम्बा टिप्न जाने बाटो नखोल्ने निर्णय गरेको मनाङका प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलले जानकारी दिए । महङ्गो र लोपोन्मोख बहुउपयोगी हिमाली औषधीय जडीबुटी यार्सागुम्बा टिप्ने मौसम भए पनि देश नै लकडाउनको अवस्थामा रहेकाले त्यसलाई टिप्न रोक लगाएको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ ।

सरकारले शारीरिक दूरी कायम गरेर बस्न र जमघट हुने गरी समूहमा नबस्न निर्देश गरेअनुरूप यार्सागुम्बा टिप्न रोक लगाएको नासो गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले जानकारी दिए । "यार्सागुम्बा टिप्न जाँदा धेरै भिडभाड हुने र जिल्ला बाहिरबाट समेत यार्सा टिप्नका लागि मानिस यहाँ आउने भएकाले कोरोना भाइरस सङ्क्रमणको जोखिम बढ्ने हुँदा निषेध गरेका हौं", उनले भने, "सरकारको अर्को सूचना नआउँदासम्मका लागि यार्सा टिप्न रोक लगाएको छ ।" यार्सा टिप्न मनाङलगायत गोरखा, लमजुङ, रुकुम, रोल्पा, डोल्पा र धादिङ जिल्लाबाट धेरै मानिस यहाँ आउने भएकाले कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई ध्यानमा राखेर रोक लगाएको अध्यक्ष घलेको भनाइ छ ।

नासो गाउँपालिकाको नाम्के खर्क, डाँफे लेक, चामे गाउँपालिकाको लमजुङ बेसक्याम्प, नार्पाभूमि गाउँपालिकाको चुम्री खर्क, याक खर्क, आइस लेक र मनाङ डिस्याङ गाउँपालिकाको गुमछाङ, याक खर्क, लेदर, तिलिचो बेसक्यामलगायतका खर्कमा यार्सा पाइन्छ । जिल्लाकै राजश्व सङ्कलनमा उल्लेखनीय टेवा पुऱ्याउने यार्सागुम्बा सङ्कलनमा रोक लगाएपछि आयस्रोतसमेत घाटा हुने देखिएको संरक्षण व्यवस्थापन समिति (सिएमसी) नासो गाउँपालिकाका अध्यक्ष यादव घलेले बताए । गत वर्ष स्थानीयलाई रु १० देखि १५ हजार पुर्जी काटेर यार्सा टिप्न अनुमति दिइएको भए पनि यस वर्ष टिप्नै नपाइने भएको उनले बताए । "गत वर्ष जिल्ला बाहिर तथा व्यापारीले भने रु २० देखि ४० हजारसम्मको कुपन लिएर यार्सा टिप्ने अनुमति लिएको थियो", उनले भने ।

वैशाख दोस्रो सातादेखि जेठसम्म मौसमका रूपमा मानिने र अनुमति लिएर यार्सागुम्बा टिप्न जाने गरेको नासो गाउँपालिका-२ का वडाध्यक्ष भीमबहादुर गुरुङले बताए । जिल्लामा यार्सा टिप्नका लागि अनुमति दिँदा स्थानीयवासीलगायत बाहिरबाट आउने मानिसमा कोभिड- १९ को सङ्क्रमण हुन सक्ने र मनाङमा फैलिन सक्ने जोखिम न्यूनीकरणका लागि यार्सा टिप्न निषेध गरिएको मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले बताए ।

मनाङको मुख्य आयस्रोतका रूपमा रहेको यार्सागुम्बा टिप्न अनुमति लिएर मात्रै जाने गरेको भए पनि यस वर्ष रोक लगाइएको अन्नपूर्ण संरक्षण क्षेत्रका प्रमुख बाबुलाल तिरुवाले बताए । तालाडाँडा, लार्केपास, चीनको बोर्डरमा पर्ने नार्पाभूमि र थोराङ्ला भञ्ज्याङ यार्सा गुम्बा टिप्न जाने नाका हुन् ।

**कोरोना कहर**

# बिक्दैन अण्डा, पाइँदैन दाना



**काठमाडौं/मस**-प्यूठानको सरुमारानी गाउँपालिका- १ बाङ्गेशालको एकता पोल्ट्री फार्ममा चार हजार ५०० कुखुरा छन् ।

रु ८५ लाखको लगानीमा यहाँका युवा प्रकाश आचार्यले सञ्चालन गरेको फार्ममा दैनिक चार क्विन्टल दाना खपत हुन्छ । दैनिक २१० वटा अण्डा प्रतिपेटी हुनेगरी २० पेटी अण्डा उत्पादन हुँदै आएको छ । सो फार्ममा अहिले अण्डा ६५ पेटी छ तर दाना छैन । दैनिकरूपमा खुवाउने दाना नभएपछि फार्मले खुला चउरमा कुखुरा चराउन थालेको छ । दाना किन्नका लागि चाहिने नगद नभएपछि भारतीयले दाना आपूर्ति नगर्दा माउन्टेन विधिबाट कुखुरा पाल्ने उपाय खोजिएको छ ।

करिब १५ दिनमा दानामा पाइने तत्वको प्रतिशत घटाउँदै खुला चरनबाट कुखुरालाई बचाउने विधि माउन्टेन विधि हो । केही महिनाअघि सरकारले दानाको मूल्य बढाएको थियो । दानाको मूल्य बढे पनि अण्डाको मूल्य नबढ्दा निरास देखिएका व्यवसायीले लागत घटाउन खोरको क्षमताअनुसार कुखुराको सङ्ख्या बढाएको फार्मका सञ्चालक आचार्यले बताए ।

प्यूठान- १ दाखाक्वाडीको प्रगतिशील पोल्ट्री तथा कृषि फार्ममा अण्डा दिने १० हजार हाइलाइन र लोम्यान जात लेयर्सलाई पनि दाना सङ्कट परेको छ । बन्दाबन्दीको समयमा अण्डा फार्ममै थन्किएपछि नगद कारोवार गर्न नसक्दा दानालाई चाहिने तत्व खरिद गर्न सकिएको छैन । कोल्चेन अर्थात् चिस्यान घरको व्यवस्थापन नभए १५ देखि ३० दिनमा अण्डा बिग्रिन थाल्दछ । यही समस्या फार्ममा देखिन थालेको छ ।

हाल खोरमा रहेको कुखुरामा रु एक करोड ११ लाख जति खर्च भइसकेको छ । अण्डा उत्पादनको पहिलो चरणमा नै अण्डा बिक्री गर्न नपाएपछि व्यवसाय नै धरापमा परेको व्यवसायी मुक्ति पोखरेलको दुखेसो छ । रु ६० लाख ऋण लिएर व्यवसाय सञ्चालन गर्नुभएका पोखरेललाई झण्डै रु १३ लाखको अण्डा बिग्रिन थालेपछि ऋण र कुखुरा कसरी बचाउने चिन्ता छ । "सरकारले नहेर्ने हो भने हामी डुब्छौं", उनले भने ।

जिल्लाका लेयर्स फार्ममा कृषि तथा पशुपक्षी विकास मन्त्रालय, व्यावसायिक कृषि तथा व्यापार आयोजना तथा विश्व बैंकको लाखौं अनुदान सहयोग छ । जिल्लामा व्यावसायिकरूपमा १८ वटा लियर्स कुखुरापालन फार्म छन् । दैनिक करिब ४२ क्विन्टल दाना लेयर्सका लागि मात्र खपत हुन्छ । अठार फार्ममा रहेका करिब ५५ हजार कुखुराबाट दैनिक २०५ पेटी अण्डा उत्पादन भइरहेको छ ।

फार्ममै दाना बनाउन चीन र भारतबाट आउने दानाका तत्व उधारोमा नपाउने र अण्डाले बजार नपाएपछि व्यवसायी समस्यामा परेको जिल्ला पोल्ट्री व्यवसायी सङ्घका अध्यक्ष झगबहादुर जिसीले बताए । "जिल्ला अण्डामा आत्मनिर्भर बनेको थियो", उनले भने, "बजार व्यवस्थापनमा सरकारले समयमै कृषकलाई सहयोग नगरे राज्यको लाखौंको अनुदान पनि खेर जाने र कृषकको व्यवसाय धरापमा पर्ने निश्चित छ ।" सरकारले पशु र पक्षीजन्य वस्तु राम्रोसँग पकाएर मात्रै खाने भने पनि स्थानीयवासीले अण्डा तथा मासु कम खरिद गरेको कृषकको भनाइ छ ।

मल्लरानी गाउँपालिकाका पशु शाखा संयोजक बाबुराम न्यौपानेका अनुसार १६ वटा तत्व लेयर्सलाई चाहिन्छ । लाइसिन, मिथाइन, क्याल्सियम, इन्जाइम, मिनेरल, एसिडिन फाइभ, भिटामिन एविलगायतका भिटामिन अभाव हुँदा अण्डा फुट्ने र कुखुराको उत्पादन शक्ति घट्न थालेको न्यौपानेको भनाइ छ । यति मात्रै होइन जिल्लामा ब्रोइलर पालन गरेका कृषक पनि मारमा छन् । कडा परिश्रमका साथ हुर्काएका कुखुरा छिप्पिन थालेपछि कृषक चिन्तित छन् ।

# सिंगापुर चाटर्ड उडान भर्दै श्री एयरलाइन्स

**काठमाडौं/मस**-निजी क्षेत्रको वायु सेवा प्रदायक कम्पनी श्री एयरलाइन्सले आज मङ्गलबार सिङ्गापुरका लागि चार्टर्ड उडान भर्ने भएको छ ।

सिङ्गापुरबाट अत्यावश्यक स्वास्थ्य सामग्री ल्याउन श्रीले चार्टर्ड उडान गर्न अनुमति लिएको नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । यो चार्टर उडानका लागि भारत, बङ्गलादेश, म्यान्मार, थाइल्याण्डलगायत मुलुकसँग 'ओभरफ्लाई' को अनुमति लिनुपर्ने आवश्यक प्रक्रिया पूरा भइसकेको छ । कम्पनीका संस्थागत प्रबन्धक अनिल मानन्धरले सिङ्गापुरबाट स्वास्थ्य सामग्री ल्याउनका लागि उडान अनुमति पाएको जानकारी दिए । मङ्गलबार बिहान सिङ्गापुर उडान भरेर श्रीको जहाज आजै काठमाडौं फर्कनेछ ।

श्रीले सामाजिक संस्थागत उत्तरदायित्वअन्तर्गत निःशुल्क चार्टर्ड उडान गर्न लागेको जनाएको छ । यसअघि आवश्यक प्रक्रिया पूरा गरेर श्रीले शुक्रबार सिङ्गापुर उडान भर्ने योजना बनाएको भए पनि सिङ्गापुरको कम्पनीकोतर्फबाट सामान जम्मा गर्न केही विलम्ब भएको जवाफ दिएपछि उडान हुन नसकेको श्री एयरलाइन्सले जनाएको छ । श्री एयरलाइन्सले यसअघि सुडानमा चार्टर्ड उडान गरेको थियो ।

# रोयल फ्लाइटले लग्यो ११० रुसी नागरिक

**काठमाडौं/मस**-रोयल फ्लाइट एयरलाइन्सले ११० रुसी नागरिक बोकेर गन्तव्यतर्फ उडेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट रुसी नागरिक लिएर रोयल फ्लाइटको चार्टर्ड जहाज रसिया उडेको विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले जानकारी दिए ।

रसियाको जोइन्ट स्टक कम्पनीद्वारा सञ्चालित चार्टर वायुसेवा कम्पनी रोयल फ्लाइट रुसी नागरिक लिन आज बिहान काठमाडौं आएको थियो । लकडाउनका कारण नेपालमा रोकिएका नागरिक लैजान उक्त जहाजले चार्टर्ड उडान भरेको हो । नेपालस्थित रुसी दूतावासको पहलमा रसियाले आफ्ना नागरिक जहाज चार्टर्ड गरी स्वदेश फर्काएको जनाइएको छ ।

यसैबीच नेपालमा रोकिएका आफ्ना नागरिक लैजान अमेरिकाले मङ्गलबार काठमाडौंमा जहाज पठाउने भएको छ । अमेरिकी जहाज भोलि बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरी अमेरिकन नागरिकलाई लिएर फर्किने विमानस्थलले जनाएको छ । यसअघि अमेरिकाले कतार एयरवेजको जहाज चार्टर्ड गरी आफ्ना नागरिक लगेको थियो । यो पटक भने अमेरिकाले आफ्नै जहाज पठाउन लागेको जनाइएको छ । तर कुन कम्पनीको जहाज आउने भने विमानस्थलले खुलाएको छैन ।


**COVID-19 NOVEL CORONA VIRUS (nCOV)**

**जनहितका लागि जारी जनचेतनामूलक सन्देश**

**नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु**

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

**कसरी आफू बच्ने र अरुलाई बचाउने ?**

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६



www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८०१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**